NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड
("A" class commercial bank licensed by Nepal Rastra Bank.)

The Banker
Bank of the Year 2017
NEPAL

च. नं.: एनएमबि /०६३७/०७५/७६

मिति : २०७५/०९/०२

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरवार प्लाजा, काठमाडौं ।

**बिषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द ( Book Close) सम्बन्धमा ।**

महाशय,
उपरोक्त सम्वन्धमा यस बैंकको सञ्चालक समितिको मिति २०७५ पौष १ गते बसेको ३७२औं बैठकको निर्णयानुसार बैंकको २३औं वार्षिक साधारण सभा तथा सो प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द गर्ने सम्वन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**१) साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७५ साल पौष महिना २६ गते, बिहीवार (तदनुसार जनवरी १०, २०१९)

स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : बिहान ११:०० बजे

**२) छलफलका विषयहरू :**

(क) सामान्य प्रस्ताव :

१. तेईसौं वार्षिक साधारण सभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाहको विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब. ०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने (हालका लेखापरीक्षक श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्ट पून: नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।),

४. सञ्चालक समितिबाट पारित भए बमोजिम चुक्ता पूँजीको २० (वीस प्रतिशत) का दरले नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. बैंकको वर्तमान जारी पुँजी रु.८,७४,३७,८४,२२९।०६ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा छ मात्र) बाट बृद्धि गरी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि रु. नौ अरब एकसट्ठी करोड एकासी लाख वैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानव्वे मात्र) पुऱ्याउन स्वीकृत गर्ने,

२. बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको १० प्रतिशतको दरले हुन आउने रकम रु. ८७,४३,७८,४२२/९० बराबरको वोनस शेयर जारी गर्न स्वीकृत

गर्ने । बोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख र ग) संशोधन गर्ने,

३. बैंकको नियमावलीको नियम ३२ (घ) (संचालकको सुविधा सम्वन्धी व्यवस्था) संशोधन गर्ने,

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने,

(ग) विविध ।

३) **शेयर दाखिल खारेज मिति (Book Close Date)**: २०७५ पौष १० गतेदेखि २०७५ पौष २६ गतेसम्म । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७५/९/९ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुनुहुन्छ ।

साथै, शेयरधनीहरुको जानकारीका लागि मिति २०७५/९/२ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा साधारण सभा सम्बन्धी सूचना तथा आ.व. २०७४/७५ को वार्षिक संक्षिप्त विवरण प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय,

प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

बोधार्थ:

१) श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

२) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि., पुतलीसडक, काठमाडौं ।

३) श्री एनएमबि क्यापिटल लि., नक्साल, काठमाडौं ।